# आर्थिक वर्ष २०७९/८० को

# नीति तथा कार्यक्रम

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## सत्यवती गाउँपालिका

## गुल्मी

## लुम्बिनी प्रदेश, नेपाल

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

श्री सभाका सदस्य ज्यूहरु ।

यस सत्यवती गाउँपालिकाको आ.व. ०७९/८० को बजेट अधिवेशनमा संघीय संरचना अनुसार गाउँपालिका स्थापनापछिको ११ औं तथा स्थानीय तह दोश्रो निर्वाचन पछि गाउँसभाको पहिलो बैठकमा उपस्थित हुनुभएका गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु । मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता र वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकलाई यहाँसम्म ल्याउन योगदान पुर्याउनुहुने शहिद परिवार, घाइते योद्धा र अग्रज व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु साथै सत्यवतीबासीको सेवामा तत्पर रहन हामीलाई निर्वाचित तथा अनुमोदन गरी यो सुवर्ण अवसर प्रदान गर्नुहुने सम्पूर्ण मतदाताहरुप्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

**यस गरिमामय सभाका सदस्य ज्यूहरु,**

मुलुक संघियता स्थापना र राज्य पुर्नसंरचनापछि निर्वाचित जनप्रतिनिधिको पहिलो कार्यकाल व्यतित भईसकेको छ, उक्त कार्यकालमा भए गरेका महत्वपूर्ण उपलब्धिको लागि पूर्व जनप्रतिनिधिज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

**सत्यवती गाउँपालिकाले आ.व. २०७९/८० को नीति कार्यक्रम तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजना तथा आर्थिक तथा वित्तीय ऐनले लिएका नीति तथा प्राथमिकताहरु
- अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय

टिकाराम पाण्डे
अध्यक्ष

शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।

- विभिन्न राजनीतिक दल, नागरिक समाज, पेशाकर्मी, व्यवसायी, पत्रकार, बुद्धिजिवीहरुबाट आएका विभिन्न सुझावहरु ।

<u>आ.व. २०७९/८० मा अपनाइएका समष्टीगत नीतिहरुः</u>

- कृषि,शिक्षा, पुर्वाधार विकास,स्वास्थ,पर्यटन उद्योग र रोजगारमैत्री कार्यक्रम मार्फत जनताको जीवनस्तरमा सुधार गर्ने परिकल्पनाको रुपमा वार्षिक नीति तथा कार्यक्रमको प्रस्ताव गरिएको छ।
- विकासका दृष्टिले पछि परेको वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ। त्यसको लागि जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आय, पुर्वाधारमा लागत एवम् आवश्यकताको प्राथमिकीकरण आदिका आधारमा स्रोतको बाँडफाँडको व्यवस्था गरिनेछ।
- भौगोलिक विकटता, वस्ती जोखिम र परनिर्भरताको बजार हाम्रो गाउँपालिकाको चुनौती हो। यसलाई मध्यनजर गर्दै एकीकृत बस्ती निर्माण गर्ने तथा "एक गाउँ एक उत्पादन" कार्यक्रम मार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।
- सामुदायिक विद्युतलाई समुदायसँग परामर्श गरी नेपाल विद्युत प्राधिकरण मातहत ल्याउन पहल गरिनेछ।
- गाउँपालिकाको समग्र विकासका लागि आवधिक योजनाको निर्माण कार्य प्रारम्भ यसैं आर्थिक वर्षमा गरिनेछ।
- सत्यवती गाउँपालिकामा **"हरियाली सहितको सडक"** बनाउन प्रत्येक सडकमा उपभोक्ता समितिलाई परिचालन गरिनेछ ।
- उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।
- बडिगाड नदि र कालीगण्डकी किनारका वस्ती र खेतीयोग्य जमिनलाई तटबन्ध गरी संरक्षण गरिनेछ।
- दुग्ध व्यवसायलाई थप प्रभावकारी बनाई छुर्पी, पनिर तथा दुग्ध जन्य उद्योग स्थापनामा जोड दिइनेछ।
- उद्योग ग्राम स्थापना गर्न पहल गरिनेछ ।
- कसिन्थला, सिङ्दी, लुम्पेक,रिपडाँडा पहिरो, डहरे पहिरो, सुनको पहिरो, एकसिं पहिरो,चेहेमी पहिरो,मचाकोट पहिरो,देउराली पहिरो(५ नं वडा) नियन्त्रणमा पहल गरिनेछ ।
- मध्य सत्यवती सडकलाई गाडी सहज रुपमा चल्ने गरी स्तरोन्नती गरिनेछ ।
- खरका छाना, विस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।



टिकाराम पाण्डे
अध्यक्ष

- प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ सैयाको अस्पताल निर्माण कार्यलाई समयमै सम्पन्न गर्न पहल गरिनेछ र स्वास्थ्य उपचार थप प्रभावकारी बनाइनेछ ।
- गाउँ नगर प्रहरीलाई निरन्तरता दिइ वेथिती, विकृति र विसंगति न्यूनिकरण गरिनेछ ।
- मठ, मन्दिर, देवालय आदिको संरक्षण प्रवर्द्धन र व्यवस्थित गरिनेछ ।
- घर-घरमा कुनै न कुनै आयस्रोत तथा रोजगारी सृजना गर्न अधिकतम प्रयत्न गरिनेछ ।
- अस्थायी कर्मचारीहरुका लागि वार्षिक फण्डको व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम राखिनेछ ।
- पालिका स्तरीय सहकारी सञ्जाल स्थापना गरी कृषि उत्पादनलाई बजारीकरण गरिनेछ ।
- वडाबाट गाउँपालिका जोड्ने सडक स्तरोन्नती गरि बाह्रै महिना यातायात सहज बनाइनेछ ।
- निश्चित मापदण्ड बनाइ वास्तविक व्यावसायिक कृषकको पहिचान गरि कृषक परिचयपत्र वितरण गरिनेछ ।
- रुद्रवेणी-वामी सडक खण्ड स्तरोन्नती र डहरे र नादेवा खोलामा पूल निर्माण गर्न पहल गरिनेछ।
- नक्सा पास गरेर मात्र संरचना निर्माण गर्न सरोकारवालासँग छलफल चलाइनेछ ।
- १ घर १ धारा कार्यक्रम सफल पार्न पनि तिनवटै सरकारसँग समन्वय गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्न माझीका २९ वटा घर सम्पन्न भएको हुँदा ति वस्तीहरुलाई सिप र आय आर्जन तथा रोजगारीसँग सँग जोड्ने कार्यक्रम ल्याइनेछ ।
- विपन्न, माझी र सुकुम्बासीका घर निर्माण गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ ।
- पम्फुकाको वस्तीमा  मौरीपालन,कृषि पशुपालन पकेट बनाउनुको साथै मोटरबाटो पुर्याउन पहल गरिनेछ ।
- टोल-टोलमा खोलिएका सामुदायिक स्वास्थ्य इकाई व्यवस्थित गरि विकट टोलमा थप विस्तार गरिनेछ ।
- टोल-टोलका गोरेटो बाटो व्यवस्थित गरि सहज बनाइनेछ ।
- सुकुम्बासी ,जनजाति, दलित, अपाङ्ग र पिछडिएका जातिहरुका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाहरुको सशक्तिकरणमा जोड दिइनेछ ।
- पति वेपत्ता महिला सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- 'ग' वर्गका अपाङ्ग सहयोग कार्यक्रम निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- सबै वडा कार्यालयमा आफ्नै भवनबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ ।



टिकाराम पाण्डे
अध्यक्ष

- स्वास्थ्य राहतकोष वृद्धि गरि नागरिकहरुलाई स्वास्थ्य सुरक्षाको अनुभूति दिलाइनेछ ।
- स्वास्थ्य विमासँग सबैलाई जोड्ने र अति विपन्नहरुलाई विमा गरिने व्यवस्था मिलाइनेछ ।
- गुलम्दी-सत्यवती शिव मनोज सहिद मार्गको रुपमा सडक स्तरोन्नती गरि बाह्रै महिना गाडी चल्ने बनाइनेछ ।
- विपदमा मृत्यु भएका परिवारका १ जना सदस्यलाई रोजगारको व्यवस्था मिलाउन प्राथमिकता दिइनेछ ।
- वडा नं ८ को स्वाँखोला र वडा नं ४ को एकसिं गाउँलाई ऐतिहासिक सांस्कृतिक गाउँको रुपमा विकास गर्न पहल गर्ने नीति लाइने छ ।
- रुद्रवेणी धाम, ठूलाबगर, पाहादी आश्रय, हिले, सत्यवती, नेटा गुफा, भार्से कालिका मन्दिर, भार्से गुफा, जुनियाँ भंयरकोट मन्दिर, आलम मन्दिर,छम्दी ठाँटी मन्दिर,देविस्थान घाट मन्दिर ,हचिमकोट गुफा र थाम सत्यवती मन्दिरको परम्परागत आश्रम लगायत धार्मिक पर्यटकीय स्थलको प्रचार-प्रसार संरक्षण प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिका भित्रका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र विविध विषयको जानकारी हुने गरी स्थानीय पाठ्यक्रममा आधारित १-५ सम्मका पाठ्यपुस्तक विद्यार्थीलाई निशुल्क वितरण गरी पठन पाठनको व्यवस्था मिलाईनेछ साथै ६-८ को पाठ्यक्रम निर्माण कार्य अघि बढाईने छ ।
- भार्से – रुपाकोट सडक ट्र्याक जोड्न पहल गरिनेछ साथै सत्यवती चन्द्रकोट लोकमार्गको स्तरोन्नती गरिनेछ ।
- सत्यवतीमा जन्मेर पत्रकारिता पेशामा लागेका पत्रकारहरुको जोखिम तथा सुरक्षा विमा गर्ने प्रयास गरिनेछ ।
- भार्से लाम्पाटा भैंसेमा सुन्तला खेती र भडारवनको किवी, जोहाङ्ग, लिम्घा, लुम्पेक र अक्ष्लेवाको टमाटर लगायतका खेतीलाई प्रोत्साहन गरिनेछ।
- गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण कार्य आ.व.को सुरुमै वोलपत्र आव्हान गरी २ वर्ष भित्र सम्पन्न गरिनेछ ।
- "समृद्ध सत्यवती मेरो १ दिनको लगानी" नीति अबलम्वन गरिने छ ।
- एक व्यक्ति एक तालिम नीति अवलम्वन गरिनेछ ।
- सत्यवती चन्द्रकोट लोकमार्ग स्तरोन्नती गर्न पहल गरिनेछ ।
- अन्तर वडा जोड्ने मोटरबाटोलाई स्तरोन्नती गरिनेछ ।
- महिला ,युवा ,दलित ,उत्पिडित ,अल्पसख्यकहरुलाई सक्षम बनाउन नेतृत्व तथा सशक्तिकरणका कार्यक्रम गरिनेछ ।
- विपद् र मनसुनबाट प्रभावित व्यक्तिहरुको आवास निर्माणलाई निरन्तरता दिइनेछ ।



टिकाराम पाण्डे
अध्यक्ष

सत्यवती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जोहाङ्, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

क) कृषि तथा पशुपालन सम्बन्धी नीतिः

१) पशुपालन र कृषिक्षेत्रमा क्रियाशील जनशक्तिलाई हौसलाको लागि उत्पादित बस्तुको बजार मुल्य निकै घटेर एवम् प्राकृतिक प्रकोपबाट पीडित कृषकको लागि न्युनतम समर्थन मुल्य र क्षतिपुर्तिको व्यवस्था कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२) स्वरोजगारीका अवसर सृजना गर्न युवाहरु लक्षित सीपमूलक तालिम प्रदान गरिनेछ।

३) भारत लगायत तेस्रो मुलुकबाट फर्किएर गाउँमै कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय गर्न चाहने युवाहरुलाई व्यवसायमा संलग्न गराउने गरी युवालक्षित स्वरोजगारका कार्यक्रम ल्याइनेछ।

४) कृषि र पशुपालन सम्बन्धी समूहहरुलाई उत्पादन, आय आर्जन र बचत र सहकारीसंग जोडी समूहको अवधारणा अनुरुप काम गर्न समूह परिचालन र सहयोग कार्यक्रम ल्याइनेछ।

५) उत्पादित बस्तुको संकलन, भण्डारण र बजारीकरणका लागि समूह सहकारीलाई सक्रिय बनाइनेछ।

६) पशुधन संरक्षण, महामारी रोग नियन्त्रण, जुनोटिक रोग सम्बन्धी जनचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७) पशुजन्य उत्पादनको उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ।

८) पशुपालनमा देखिएका समस्याको न्युनिकरण गर्न पोषण, स्वास्थ्य, व्यवस्थापन र नश्ल सुधारमा सहयोग गरिनेछ।

९) स्थानीय बिउ बिजन तथा स्थानीय भैंसी संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०) कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरी प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ।

११) कम्तिमा २ रोपनी वा सोभन्दा बढी जग्गामा एकै प्रकारको खेती गर्ने कृषकलाई व्यावसायिक कृषकको रुपमा लिइनेछ।

१२) कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि यान्त्रिकीकरण, आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणलाई निरन्तरता दिइनेछ।

१३) कृषि तथा पशुपालन क्षेत्रमा विमा गर्ने कार्यलाई प्रोत्साहन र अनुदान प्रदान गरिनेछ।

१४) घरगोठ, सामाजिक संरचना र आवादीमा असर गर्ने रुखहरु फाड्ने तथा झाडी सफाई गर्ने काम अघि बढाइनेछ ।

१५) यस गाउँपालिका क्षेत्रमा उत्पादनयोग्य जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ, उत्पादनशील जग्गा बाँझो जग्गावालाबाट उक्त बाँझो जग्गा प्राप्त गरी खेती गर्न सक्ने वातावरणको व्यवस्था गरिनेछ।



टिकाराम पाण्डे
अध्यक्ष

१६) सत्यवती गाउँपालिकाभित्र बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सो को उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणालाई कार्यान्वयन गरिनेछ साथै दलित तथा विपन्न वर्गलाई सामुहिक रुपमा जग्गा उपभोग गर्न प्राथमिकता दिइनेछ र यस्ता कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गरिनेछ।

१७) **"एक घर एक करेसाबारी, बाह्रै महिना हरियो तरकारी"** अभियान संचालन गरिनेछ।

१८) भार्सेमा किवी निकासीको व्यवस्था मिलाइनेछ र भण्डार गर्नको लागि किवी पकेट क्षेत्र बनाइनेछ ।

१९) कोदो, खुर्पानी, चौतारी, किवी आदिबाट उत्पादित मदिरालाई सत्यवतीको ब्रान्ड बनाई बजारसम्म पुर्याउन पहल गरिनेछ ।

२०) बुढी चौर,मसिना, सत्यवतीमा यसै वर्ष देखि चिया खेती परीक्षणको रुपमा शुरु गरिनेछ ।

२१) टिमुर खेतीलाई आय आर्जनको श्रोत बनाईनेछ ।

२२) कृषिलाई आधुनिकीकरण गर्दै फलफूल र मुल्यवान काठको विरुवाको नर्सरी तथा वागवानी गाउँपालिका क्षेत्र भित्र स्थापना गर्न प्रयत्न गरिनेछ ।

२३) निजी क्षेत्र सहकारी गाउपालिका अन्य संघ संस्थाहरुसंग कृषि पशुपालनमा लागत साझेदारीको नीति आरम्भ गरिनेछ ।

२४) बन्द भएको कृषि हाटबजारलाई यथाशिघ्र सञ्चालन गरिनेछ ।

२५) जडिबुटी पहिचानको लागी यसै पालिकाका २ जना जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२६) उत्पादनमा आधारित अनुदान कार्यक्रमको नीति अवलम्बन गरिनेछ ।

२७) कृत्रिम गर्भाधारणबाट जन्मेको पाडापाडी,बाच्छाबाच्छीको जन्मदर्ता गर्दा पुरस्कार स्वरुप रु ५०० दिइनेछ ।

२८) बाँदर व्यवस्थापनका लागि अल्पकालीन दीर्घकालीन बैकल्पिक खेती प्रणालीमा जोड दिइनेछ।

२९) **"एक गाँउ,एक वाली"** नीति लिई गाँउलाई आत्मनिर्भर बनाइनेछ ।

३०) रैथाने तथा लोपोन्मुख वाली तथा वस्तुको उत्पादन प्रवर्द्धन कार्यक्रम आरम्भ गरिनेछ ।

३१) गौ संरक्षणलाई जोड दिइनेछ ।

३२) कृषि अधिकृतको तलब तथा सेवा सुबिधा प्रदेश सरकारबाट निरन्तरता नदिएको र उक्त पद यस पालिकाको लागि आवश्यक भएकोले पालिकाबाट निरन्तरता दिइनेछ ।

**ख) पर्यटन सम्बन्धी नीति**

१) पर्यटन विकासका लागि गाउँपालिका क्षेत्रभित्र धार्मिक, ऐतिहासिक, तथा पुरातात्विक सम्पदाहरुको पहिचान, विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलम्बन गरिनेछ।

२) शिद्ध गुफा, थाप्ले, सत्यवती, भार्से, अर्कुल दरबार, हिले, हचिङ्गकोट, थुम्का, लुम्पेकी थानी, थुम्का वौद्ध गुम्बा, ठूलाबगर, कुँडुले भगवती मन्दिर, परमानन्द स्मृति धाम, पुत्ताउने छहरा, हुक्रायो सेती नाग,



टिकाराम पाण्डे
अध्यक्ष

रुद्रवेणी, भार्से फुर्से थान, थाम सत्यवती, जुनियाँ कोट, नर्मदेश्वर, नेटा गुफा, आलमथान, गाग्री ढुङ्गा, हेलिप्याड, गुलम्दी सेती नाग, बौद्ध गुम्बा, हिलेबाबा आश्रम, थानी बाजेबजै मन्दिर, बकेट झरना ,मसिना दह,शिद्ध गुफा जस्ता पर्यटकीय सम्भावना बोकेका स्थानहरुको प्रचारप्रसार र विकासमा जोड दिइनेछ ।

३) यस गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय सम्भावना बोकेका ग्रामिण इलाकामा "होम स्टे" सञ्चालनमा निरन्तरता दिइ थप सम्भावित गाउँहरुमा विस्तार गर्न पहल गरिनेछ ।

४) वडा नं. ७ र ८ मा वोटानिकल गार्डेन र चिदीपानी झाइदेउ पार्कलाई थप व्यवस्थित गरिनेछ ।

५) सत्यवतीलाई पर्यटकीय हिसाबले विकास गर्न डि.पी.आर. गरी संघीय सरकार र प्रदेश सरकारसंग श्रोत माग गरी विस्तृत आयोजना प्रतिवेदन(डि.पि.आर.) बमोजिम कार्य अघि बढाइने छ ।

६) धार्मिक पर्यटक, अन्य पर्यटकलाई आगमन गराउनको लागि अन्य जिल्लाका पर्यटकीय र धार्मिक क्षेत्रसित सर्किट कायम गरी ब्यवस्थित गरिनेछ ।

७) रुद्रवेणीलाई धार्मिक पर्यटकीय हिसाबले आकर्षण गर्न सागुरे कालीगण्डकीमा ड्याम बाँधी ताल बनाउन यसै वर्ष सर्भे गरिनेछ ।

**ग) सहकारी एवम् वित्तीय संस्था सम्बन्धी नीति**

१) सत्यवती गाउँपालिका क्षेत्रमा क्रियाशील वित्तीय संघ-संस्था, सहकारी सम्बन्धी संघ-संस्थालाई कानुनको दायरामा ल्याई अनुगमन गरिनेछ। सहकारी सम्बन्धी संघ-संस्थालाई उत्पादनशील कार्यमा लगाइनेछ।

२) सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्धन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

३) सहकारी संस्थालाई COPOMIS प्रणालीमा आवद्ध गर्न अनिवार्य गरिनेछ ।

**क) शिक्षा सम्बन्धी नीति**

१) सत्यवती गाउँपालिकालाई छुवाछुतमुक्त, पुर्ण साक्षरतायुक्त, पुर्ण सरसफाइयुक्त, पूर्ण खोपयुक्त गाउँपालिकाको रुपमा विकास गरिनेछ।

२) सामुदायिक विद्यालय हाताभित्र धुलो रहित बनाउने, दुबो रोप्ने, भित्ताहरुमा एकै प्रकारको रङ्ग लगाउने, फलफूलका विरुवा लगाउने र भित्ताहरुमा बालमैत्री चित्र एवम् महावाणीहरु लेख्ने नीति लिइनेछ।

३) विद्यालयको शिक्षा सुधार, गुणस्तर एवम् विद्यार्थी संख्याको आधारमा अनुदान प्रणालीको सञ्चालन/ व्यवस्थापन गरिनेछ।

४) गाउँपालिकाको पुस्तकालयलाई थप प्रभावकारी बनाइनेछ।

५) विद्यार्थीहरुको चाहना अनुकुल व्यावहारिक र प्राविधिक शिक्षा सम्बन्धी तालिम एवम् कक्षा सञ्चालन गरिनेछ।

६) गाउँपालिकाको शैक्षिकस्तर माथि उकास्न यस क्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरुको भौतिक पुर्वाधार, शैक्षिक सामाग्री वितरणको कार्यक्रममा जोड दिइनेछ ।



टिकाराम पाण्डे
अध्यक्ष

७) शैक्षिक संस्थालाई शान्ति क्षेत्रको रुपमा कायम राखी पठनपाठनमा अवरोध गर्ने खालका क्रियाकलाप गर्न बन्देज लगाइने छ ।

८) जवाफदेहीपूर्ण शिक्षण सिकाइ प्रणाली विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रधानाध्यापक विद्यालय विकास प्रस्ताव सहित कार्य सम्पादन करार गर्ने कार्यको थालनी गरिनेछ।

९) उत्कृष्ट विद्यालय र शिक्षकहरुलाई प्रोत्साहन गरिनेछ।

१०) प्रारम्भिक बालशिक्षा शैक्षिक यात्राको आधारशिला हो त्यसैले प्रारम्भिक बालशिक्षामा सबै बालबालिकाको पहुँच तथा गुणस्तरीय बनाउनका लागि बालविकास केन्द्रहरुलाई शैक्षिक सामाग्री सहित स्तरोन्नति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११) विद्यालय कर्मचारी, बालबिकास सहयोगी कार्यकर्ता, कार्यालय सहयोगीको मनोवल उच्च राख्न प्रोत्साहन अनुदानको व्यबस्था गरिने छ ।

१२) बिचैमा पढाई छाड्ने विभिन्न कारण मध्ये बालविवाह एउटा कारण भएको हुँदा विशेषगरी छात्राहरुलाई विद्यालयमा टिकाईराख्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

१३) संस्थागत विद्यालयहरुको नियमन गरिनेछ ।

१४) विद्यालयहरु बिचमा स्वस्थ प्रतिस्पर्धाका माध्यमबाट शैक्षिक गुणस्तर अभिवृद्धिका लागि एक नमुना विद्यालय कार्यक्रम सञ्चालनमा ल्याइने छ । त्यसका लागि आवश्यक मापदण्ड तयार गरी त्यस्ता विद्यालयले पालिकाको शैक्षिक क्षेत्रको अगुवाई गर्ने वातावरण मिलाइने छ ।

१५) विद्यालयस्तरीय शैक्षिक कार्यक्रमहरुलाई योजनाबद्ध रुपमा संचालन गर्नका लागि वस्तुनिष्ठ विद्यालय सुधार योजना निर्माणका साथै व्यवस्थापकीय क्षमता विकास गर्न क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

१६) बालबालिकालाई विद्यालयमा ल्याऔँ, टिकाऔँ र सिकाऔँ जस्ता आदर्श वाक्यलाई सार्थक तुल्याउन सवै बालबालिकालाई विद्यालयको पहुँच, गुणस्तर र सान्दर्भिकतामा जोड दिन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७) बालबालिकाको सर्वाङ्गिण विकासका लागि विद्यालयस्तरीय, वडास्तरीय र गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

१८) एस.ई.ई. तथा कक्षा ८ को परीक्षा लक्षित अंग्रेजी, गणित र विज्ञान विषयको नतिजा सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गर्न विद्यालयहरुलाई सहयोग गरिने छ ।

१९) "एक विद्यालय एक बँगैचा र एक विद्यालय एक करेसाबारी" कार्यक्रम सञ्चालन गर्न प्रेरित गरिनेछ।

२०) गाउँपालिकाको आन्तरिक स्रोतबाट व्ययभार हुने गरि शिक्षण सहयोग अनुदान कोटामा नियुक्ति गरिएका शिक्षकहरुलाई निरन्तरता दिई आवश्यकता अनुसार थप गरिनेछ ।

२१) सार्वजनिक शिक्षामा गरिएको लगानीलाई खेर जान नदिन कक्षा शिक्षणमा आधारित अनुगमन प्रणालीको विकास गरी अनुगमन मूल्यांकन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।



टिकाराम पाण्डे
अध्यक्ष

२२) परीक्षा प्रणालीमा सुधारका लागि कक्षा ८ को परिक्षा गाउँ पालिकास्तरबाट सञ्चालन गरिनेछ। साथै १-९ को परीक्षा समेत पालिका स्तरमा एकरुपता गर्ने गरी ८ को परीक्षा समिति मार्फत सञ्चालन गरिनेछ ।

२३) शिक्षकलाई कक्षाकोठा भित्र व्यबस्थित र प्रभावकारी शिक्षण गर्नका लागि दैनिक पाठयोजना निर्माण गर्न लगाई शिक्षण गर्ने वातावरण निर्माण गरिने छ त्यसको अनुगमन वडा शिक्षा समति, वि.व्य.स र प्र.अ. मार्फत गर्ने साथै त्यसको त्रैमासिक प्रगति प्रतिवेदन प्र.अ. ले शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने र सोका आधारमा विभिन्न मागमा आधारित कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२४) Supply Based तालिमहरुले उपलब्धि दिन नसकेको कुरा सर्वविदितै छ त्यसकारण आधारभूत तहमा कार्यरत शिक्षकहरुको लागि मागमा आधारीत ( Demand Based ) तालिमको व्यबस्था गरिनेछ।

२५) विद्यालयको सम्पूर्ण अभिलेख रहने IEMIS र दोहोरो लेखा प्रणालीमा आधारित तालिम सञ्चालन गरिनेछ । IEMIS मा Update गर्न विद्यालयलाई जवाफदेही बनाईनेछ ।

२६) जनसंख्याको बनोट र भौगोलिक अवस्था समेतलाई मध्यनजर गर्दै विद्यार्थी संख्या न्यून भएका र नजिकको दुरीमा रहेका विद्यालयहरुलाई समुदायसँगको सहकार्यमा समायोजन एवम् एकीकरण गर्नुका साथै शिक्षक दरवन्दी मिलान कार्यलाई वार्षिक शैक्षिक सत्र अनुसार गरिनेछ।

२७) स्थानीय स्तरमा रहेका प्रतिभाहरुलाई पहिचान, संरक्षण र विकासका लागि स्थानीय खेलकुद विकास समिति गठन गरी सो मार्फत खेलकुद क्षेत्रको विकास गरिने छ ।

२८) वाल क्लब, स्काउट, रेडक्रस स्थापना गरी मानव सेवा सञ्चालनमा लगाइनेछ ।

२९) हरेक विद्यालयले अतिरिक्त क्लास सञ्चालन गरी,जमिन भाडामा लिएर वा आफ्नो करेसाबारीमा कृषि कार्यक्रम संचालनको आरम्भ गरिनेछ ।

३०) प्राविधिक विद्यालयलाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।

३१) सत्यवती गाउँपालिका भित्रका विद्यालयमा वाल संस्कार तथा योग शिक्षा कार्यक्रम गरिनेछ ।

३२) दिवा खजालाई पोषणयुक्त र प्रभावकारी बनाउन केही थप रकमको व्यवस्था गरिनेछ ।

३३) शिक्षा शाखामा शिक्षा अधिकृत लगायत आवश्यक कर्मचारीको व्यवस्था मिलाईनेछ ।

३४) सत्यवती गाउँपालिका भित्र रहेका विद्यालयका अभिभावक,विद्यार्थी,शिक्षक बिच "असल अभ्यासको" कार्यक्रम गरिनेछ ।

३५) पालिकामा शिक्षक बैंक स्थापना गरि कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

३६) प्रविधिमैत्री शिक्षा अन्तर्गत स्मार्ट बोर्डको प्रयोगमा जोड दिईनेछ ।

३७) विद्यालयको समग्र अवस्थाको अध्ययन गर्न एक कार्यदल गठन गरी कार्यदलले दिएको सुझाव बमोजिम विद्यालय सुधार योजना अघि बढाइनेछ ।

३८) यसै आर्थिक वर्षमा सत्यवती गाउँपालिका भित्रका सम्पूर्ण विद्यार्थीहरुका आँखा जाँच गरिनेछ र चश्मा लगाउन पर्ने विद्यार्थीलाई निशुल्क चश्मा उपलब्ध गराइनेछ । साथै गुरुकुलको सुरुवात गर्ने पहल गरिनेछ ।

ख) स्वास्थ्य सम्बन्धी नीति

१) सत्यवती गाउँपालिकालाई स्वच्छ, सफा, स्वस्थ र पोषणयुक्त गाउँपालिकाको रुपमा विकास गरिनेछ।

२) स्थानीय खाद्य पदार्थको सेवनलाई प्राथमिकता दिँदै अखाद्य, मिसावटयुक्त र कलकारखानाबाट उत्पादित जङ्क फुड र अन्य खाद्य पदार्थको सेवन न्यूनीकरण गर्ने नीति लिइनेछ। साथै विद्यालय हाताभित्र पत्रु खाना (जङ्क फुड) को प्रयोगलाई पुर्ण निषेध गरिनेछ साथै विद्यालयमा चमेना गृहको व्यवस्था गरिनेछ ।

३) ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरुको आँखाको निशुल्क शल्यक्रियाको व्यवस्था मिलाईनेछ साथै प्रेसर र सुगरको जाँच घरमै गर्ने व्यवस्था मिलाईनेछ ।

४) आधारभूत स्वास्थ्य सेवालाई थप भरपर्दो र गुणस्तरीय एवम् निशुल्क बनाइनेछ।

५) स्वास्थ्य सेवा पाउनबाट बञ्चित नागरिकका लागि स्वास्थ्यमा सरल र सुलभ पहुँच हुने किसिमका स्वास्थ्य शिविर लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

६) स्वास्थ्य संस्थाहरुमा पर्याप्त औषधिको उपलब्धताका साथै स्वास्थ्य राहत कोषको व्यवस्था गरी विपन्न वर्गहरुलाई स्वास्थ्यको पहुँच भित्र ल्याइनेछ।

७) यस गाउँपालिकामा व्याप्त रहेको पाठेघर तथा निशन्तान सम्बन्धी समस्या निराकरणका लागि शिविर सञ्चालन गरिनेछ ।

८) एलोपेथिक उपचार पद्धतिको अलावा आयुर्वेद, योग, ध्यान, जडिबुटी लगायतका वैकल्पिक स्वास्थ्य प्रवर्धन एवम् उपचार पद्धतिलाई अगाडि बढाइनेछ।

९) अति विपन्न नागरिकलाई आकस्मिक उद्धार एवम् स्वास्थ्य उपचार निशुल्क गरिनेछ।

१०) गर्भवति महिला र २ वर्ष सम्मका बच्चालाई पोषणयुक्त खाने कुराहरुको व्यवस्था गरिनेछ ।

११) गर्भवती महिला,सुत्केरी आमा भेटघाट, पोषण तथा प्रजनन् स्वास्थ्य सम्बन्धी प्रशिक्षण, सचेतना कार्यक्रम गरिनेछ ।

१२) आधारभुत तथा माध्यमिक विद्यालयमा किशोर किशोरी सचेतना कार्यक्रम प्रत्येक ४ महिनाको १ पटक र स्वास्थ्य चेकजाँक ६ महिनामा एक पटक गरिनेछ ।

१३) एम्बुलेन्स सेवालाई थप सुदृढ बनाईनेछ ।

१४) वृहत निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

ग) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति

१) गाउँपालिकाभित्र "एक घर एक धारा" खानेपानी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२) "एक घर एक धारा" मार्फत प्रत्येक टोलटोलमा व्यवस्थित खानेपानीको प्रवन्ध गर्ने कार्यलाई प्राथमिकता क्रमअनुसार निरन्तरता दिइनेछ।

३) यस सत्यवती गाउँपालिका क्षेत्रमा प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिँदै नकुहिने फोहोर पदार्थको सङ्कलन र भण्डारण गरी वेचविखन गरी आन्तरिक आय बृद्धि गर्न प्रयोग गरिनेछ। गाउँपालिका क्षेत्रलाई प्लास्टिक र धुँवामुक्त क्षेत्र बनाइनेछ ।

४) बाटो घाटो, नदी नाला, खोला लगायतका सार्वजनिक तथा खुला ठाउँमा जथाभावी फोहोर फाल्नेलाई कारवाहीको दायरामा ल्याइनेछ।

५) सार्वजनिक शौचालयलाई व्यवस्थित गरिनेछ ।

**घ) संस्कृति सम्बन्धी नीति**

१) सनातनदेखि चलिआएका धर्म- संस्कृतिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२) स्थानीय भाषा, भेषभुषा, चाडपर्व, नाचगान, बाजागाजा आदिको संरक्षण सम्बर्धन गर्ने नीति लिइनेछ।

३) सराय नाच, लाखे नाच, झुमा नाच, कौडा, सोरठी, भजन आदिको संरक्षण गरिनेछ।

४) कुँडुले घर संरक्षण गरिनेछ ।

५) पुर्खौली पेशा,उद्योग,कृषि औजार,कपडा सिलाई,जुत्ता सिलाई आदीलाई आधुनिक उद्योगमा रुपान्तरण गरिनेछ ।

६) भाषा संस्कृति भेषभुषा संरक्षणको लागि प्रतिष्ठान गठन गरिनेछ ।

७) दलित हेल्प डेस्क स्थापना गरिनेछ ।

**ङ) लैङ्गिक समानता सम्बन्धी नीति**

१) सामाजिक समावेशीकरण एवम् लैङ्गिक समानता प्रवद्धन गर्न महिला, बालबालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु लगायत लक्षित वर्गको सशक्तीकरण र मूलप्रवाहीकरण गर्न आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**च) यूवा खेलकुद तथा समावेशिकरण**

१) युवाहरुलाई उत्प्रेरित गर्न खेलकूद विकास, सामाजिक र उद्यमशीलताको क्षेत्रमा कार्य गरेका युवाहरुलाई पुरस्कार दिइने नीति लिइनेछ ।

२) खेलकुदको माध्यमबाट युवाहरुको क्षमता एवम् व्यक्तित्व विकासका लागि भलिबल कोर्ट एवम् ब्याडमिन्टन कोर्ट र व्यायामशाला निर्माण गरिनेछ साथै भलिवल ट्रेनिङ्ग स्थापनामा जोड दिइनेछ।

३) सीपमुलक तालिम मार्फत आय आर्जनमा वृद्धि गरी आत्मनिर्भर बनाउने नीति लिईनेछ ।

४) भौतिक संरचना निर्माण गर्दा बालमैत्री, वृद्ध-वृद्धामैत्री एवम् अपाङ्ग मैत्री बनाइनेछ।



टीकाराम पाण्डे
अध्यक्ष

५) जेष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहार हटाई सम्मानजनक जीवनयापनका लागि आवश्यक प्रवन्ध गरिनेछ साथै जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको अन्तर पुस्ता हस्तान्तरण कार्यको थालनी गरिनेछ।

६) खेलकुद विकासका लागि खेलकुद सामाग्री, खेलमैदान, तथा खेलकुद पुर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथमिकता दिई प्रत्येक वडामा एक एक वटा खेलमैदान निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। राष्ट्रिय स्तर र जिल्ला स्तरका खेलाडीलाई प्रशिक्षकको ब्यवस्था मिलाउने पहल गरिनेछ । सत्यवती खेलकुद कार्यक्रमको आयोजना गरिनेछ।

७) आर्थिक एवम् सामाजिक दृष्टिले पिछडिएका माझी समुदायलाई तथा विपदबाट जोखिम बस्तीलाई लक्षित गरी एकिकृत बस्ती निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

८) सबै किसिमका विभेदलाई कडाइका साथ निरुत्साहन गरिनेछ।

९) सुकुम्बासीका घर निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१०) युवा स्वरोजगार तथा उद्यमी व्यक्तित्व प्रोत्साहन कार्यक्रम गरिनेछ ।

**क) सडक तथा पुल सम्बन्धी नीति**

१) गाउँपालिका भित्रका सबै ग्रामीण एवम् कृषि सडकलाई बाह्रै महिना चल्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२) गाउँपालिकाका बजार क्षेत्रमा ट्राफिक जाम, अव्यवस्थित पार्किङ लगायतका समस्यालाई मध्यनजर गर्दै पार्किङ स्थल व्यवस्थित गर्न सवारी साधन पार्किङको व्यवस्था गरिनेछ।

३) सत्यवती क्षेत्रभित्र यातायातको भाडादर निर्धारण गर्न व्यवसायीसँग छलफल गरिनेछ ।

४) गाउँ सभाबाट पारित आयोजनाहरुको लागत इस्टिमेट तयारी र सूचना प्रकाशन सम्बन्धी काम कार्तिक मसान्तभित्र सक्ने, पौषभित्र आयोजना सम्झौता, कार्यादेश दिइ सक्ने र जेष्ठ मसान्तभित्र आयोजना कार्यक्रमको काम सक्ने गरी प्रभावकारिता हासिल गरिनेछ ।

५) आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी आयोजना कार्यान्वयन गर्ने नीति लिइनेछ ।

६) भौतिक पूर्वाधारको गुणस्तर परीक्षण कार्य गर्न ल्याव स्थापना गर्न पर्यत्न गर्ने र निर्मित संरचनाको दिगो संरक्षण गरिनेछ ।

**क) वन वातावरण भू तथा जलाधार संरक्षण**

१) भूक्षयग्रस्त क्षेत्रहरुलाई बायो इन्जिनियरिङ्ग, विभिन्न ग्रामीण प्रविधिहरुका माध्यमबाट रोकथामका उपाय अवलम्बन गरिनेछ ।

२) प्रत्येक वडामा रिचार्ज पोखरी खन्ने कार्यलाई निरन्तरता दिँदै "एक वन एक पोखरी" निर्माण अभियान सञ्चालन गरिनेछ।



टिकाराम पाण्डे
अध्यक्ष

३) भौतिक पुर्वाधारको निर्माण गर्दा प्राकृतिक स्रोत, वन जङ्गल एवम् जैविक विविधता र पारिस्थितिक प्रणालीलाई खलल पार्ने गरी विकास निर्माण सञ्चालन गरिने छैन।

४) वनक्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपूर्ण वनस्पति तथा जडिबुटीको संरक्षण र विकासको नीति लिइनेछ ।

५) वन तथा वन्य जन्तुलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुका साथै सडकको दाँया बाँया वृक्षारोपण गरी हरियाली कायम गर्ने तथा वातावरण तथा जलवायु अनुकुलन हुने गरी विकासका क्रियाकलाप सञ्चालन गरिनेछ ।

६) बडिगाड र अन्य खोलामा करेन्ट लगाएर एवम् विष हालेर माछा मार्ने कार्यलाई पुर्ण निषेध गरी उक्त क्रियाकलापमा संलग्न व्यक्तिलाई कारवाही गरिनेछ ।

७) फोहोरमैला व्यवस्थापनका लागि जनचेतना अभिवृद्धि गरी घर घरमा फोहोरको वर्गिकरण गर्न लगाई वातावरणमा अनुकुल व्यस्थापन गरिने छ ।

८) सार्वजनिक वन,जमिन,चौर,कुलोलाई संरक्षण गरिनेछ ।

ख) विपद व्यवस्थापन

१) प्राकृतिक एवम् मानवीय संकट र प्रकोपबाट पूर्व सुरक्षा, व्यवस्थापन र राहत कार्यलाई वैज्ञानिक बनाइनेछ।

२) जोखिम युक्त वस्तीहरुलाई स्थानान्तरण गरी व्यवस्थापन गरिनेछ ।

३) खोला नालाबाट कटान भएको खेती योग्य जमिन संरक्षण गरिनेछ ।

४) विपदमा परेका,मनसुनजन्य क्षतिमा परेका जनता आवास सवैको केन्द्र प्रदेशसंग समन्वय गरी सबैलाई एकिकृत बस्तीमा व्यवस्था गरिनेछ ।

क) मानव संसाधन एवम् संस्थागत क्षमता विकास

१) कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन तथा योगदानमा आधारित प्रोत्साहन तथा पुरस्कार उपलब्ध गराइनेछ ।

२) करार कर्मचारीहरुको अवकास कोष स्थापना गरिनेछ ।

३) गाउँपालिकाका सबै करारका कर्मचारीहरुको निशुल्क दुर्घटना विमा गरिनेछ ।

४) गाउँपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत सबै कर्मचारीलाई खाजा सिमा भित्र रहेर उपलब्ध गराइनेछ ।

५) लामो समयदेखि सेवा गरेका कर्मचारीलाई दीर्घसेवा पुरस्कार प्रदान गरिनेछ।

६) गाउँपालिकाको गतिबिधिलाई इन्टरनेट, वेबसाइट, एप्लिकेसन आदिको माध्यमले निरन्तर अद्यावधिक गरिनेछ।



टिकाराम पाण्डे
अध्यक्ष

७) प्राविधिक कर्मचारी वडा कार्यालयमै हाजिर भई एउटा प्राविधिक कर्मचारीले यथासक्य ३ वटा वडाहरु सम्म हेर्ने व्यवस्था मिलाइनेछ ।

८) गाउँपालिकास्तरीय, वडास्तरीय र शाखा स्तरीय आयोजनाहरुको कार्यान्वयन पूर्व वार्षिक कार्यान्वयन कार्ययोजना बनाइनेछ ।

९) सबै गाउँसभाका सदस्यहरुको उपस्थितिमा अर्धवार्षिक समिक्षा बैठकको आयोजना गरिनेछ।

१०) संस्थागत क्षमता विकास, समन्वय, राजस्व परिचालन, आयोजनाको सम्पन्न समय आदि मापदण्ड बमोजिम यस आबदेखि उत्कृष्ट वडा घोषणा कार्यक्रम सुरु गरी उक्त वडालाई अर्को आबमा थप अनुदान दिने व्यवस्था गरिनेछ।

११) महिला युवा विद्यार्थी हरेक समुहमा रहेका नागरिक हरुलाई समुह गठन गरी गाउँपालिका मार्फत निरन्तर स्वास्थ्य शिक्षा,कृषि पशुपालनमा जनचेतना बढाईनेछ ।

१२) उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई पुरस्कार र खराब काम गर्ने लाई दण्डको व्यवस्था गरिनेछ ।

१३)

**ख) सेवा प्रवाह एवम् सुशासन**

१) सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ।

२) गाउँपालिकाको कार्यालयमा सहयोगी कक्ष (Help Desk) र स्तनपान कक्षको स्थापना गरिनेछ।

३) पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ।

४) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्ष्ट्राचारमुक्त र जनउत्तरदायी बनाइनेछ ।

५) दिगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालनविना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव नभएकाले राजस्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गरिने छ ।

६) गाउँपालिका भरिका प्रत्येक घरको तथ्याङ्क संकलन गरी घर नम्बर उपलब्ध गराइनेछ।

७) आत्म निर्भर गाउँपालिकाको सोच अनुरुप वढीभन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ ।

८) सार्वजनिक सुनुवाई कार्यक्रम चौमासिक रुपमा गरिनेछ।

९) सत्यवतीलाई हिंसामुक्त गाउँपालिकाको रुपमा विकास गरी प्रत्येक टोलमा हिंसा विरुद्ध प्रतिरक्षा समूह गठन गरी परिचालन गरिनेछ।

१०) न्यायिक समितिले गर्ने कार्य सम्पादनलाई अझै छिटो-छरितो र प्रभावकारी बनाइनेछ।

११) स्थानीय तहको अधिकारक्षेत्रभित्रका विषयमा कानूनहरुको निर्माण कार्यलाई थप अगाडि बढाइनेछ।

१२) कानून विज्ञबाट न्यायिक समिति, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरिनेछ ।

१३) सक्रिय जनप्रतिनिधि समृद्ध पालिका कार्यक्रम सुरु गरी प्रत्येक जनप्रतिनिधिको नेतृत्वमा महिनामा १ दिन निशुल्क जनश्रमदान गरी बाटोघाटो मर्मत सुधार र सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

१४) मादक पदार्थ सेवन गरी हो-हल्ला गरी हिँड्ने, घरेलु हिंसामा संलग्न, गाउँपालिकाद्वारा सञ्चालित अभियानमा संलग्न नहुने, कर शुल्क नतिर्ने, जग्गा बाँझो राख्ने, व्यक्तिको सूचि बनाएर गाउँपालिकाबाट प्रदान हुने अनुदान कार्यक्रममा निरुत्साहित गरिनेछ ।

१५) आफूले तिर्नु वा बुझाउनु पर्ने कर र शुल्क बुझाएपछि मात्र गाउँपालिकाबाट सेवा प्रदान गरिने नीतिलाई प्राथमिकता दिइनेछ।

१६) व्यक्तिगत उद्धममा लागेका, समयमा कर तिर्ने, विकास निर्माण एवम् अभियानहरुमा सरिक हुने, व्यक्तिहरुलाई अनुदान एवम् सेवा प्रवाहमा प्राथमिकता दिइनेछ।

१७) सामाजिक सुरक्षा भत्ता टोल टोलमा गएर बैङ्क मार्फत वितरण गरिनेछ ।

१८) नागरिक वडा पत्रको व्यवस्था गरी नागरिकको सेवा प्रवाहलाई सरल,छिटो छरितो र प्रभावकारी बनाईनेछ ।

१९) गरिवीको रेखा मुनिका नागरिकहरुको परिचयपत्र बनाउने कामलाई सुरु गरिनेछ ।

ग) राजस्व परिचालन

१) सम्पति कर तथा भुमि कर लागु गरी कर सङ्कलन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२) आर्थिक लेखा नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षणलाई व्यवस्थित गरी बेरुजु फछ्र्यौट गर्ने कार्यमा कडाइ गरिनेछ ।

३) कर संकलन अभियान संचालन गरिनेछ र करको दायरामा नआएका एवम् करछलीमा संलग्न व्यक्तिलाई कारवाहीको दायरामा ल्याइनेछ ।

घ) उपभोक्ता हित संरक्षणः

१) उपभोक्ता हित संरक्षण गर्न नियमित बजार अनुगमन गरी कालोबजारी गर्ने र गुणस्तरहिन मालसामान बेच्ने मानिसलाई दण्डित गर्नुका साथै गुणस्तर मापदण्ड बनाई कडाइका साथ लागू गरिने छ ।

२) टोलसुधार समितिहरुको गठन, नियमन र प्रवर्धन गर्ने नीति लिइनेछ ।



टिकाराम पाण्डे
अध्यक्ष

३) नागरिकहरु विभिन्न वित्तीय संस्थाहरुबाट चर्को ब्याजमा परेको अवस्थालाई मध्यनजर गर्दा कृषि लोन लाई २ प्रतिशत र ५ प्रतिशत मा व्यवस्था मिलाउन साझेदारी कार्यक्रमको नीति लिईने छ।



टिकाराम पाण्डे
अध्यक्ष

यस गरिमामय सभाका सदस्यहरु,

अन्त्यमा,

यस आर्थिक वर्षको नीति तथा कार्यक्रम तयारीका लागि आ-आफ्नो क्षेत्र तथा तहबाट प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने कार्यकाल सम्पन्न निवर्तमान जनप्रतिनिधिज्यूहरु, सम्पूर्ण जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, नगर प्रहरी, सञ्चारकर्मी, शिक्षक, राजनीतिक दलका नेतृत्व, समाजसेवी, युवा, सहकारी, आमा समूह, कृषकहरु, उद्यमी व्यक्तित्वहरु, विभिन्न समूह, संघ संस्था, प्राकृतिक विपद्को समयमा आर्थिक, नैतिक, भौतिक, सामाजिक सेवाभाव राख्नुहुन सहयोगी व्यक्तिहरु, सत्यवती गाउँपालिकालाई समृद्ध बनाउन तिब्र ईच्छा शक्ति राख्न स्थायी घर सत्यवती भई कर्मथलो सत्यवती भन्दा बाहिर भएर पनि जनप्रतिनिधिलाई निरन्तर रचनात्मक सुझाब सल्लाह दिनुहुने सम्पूर्ण शुभेच्छुक शुभचिन्तक सत्यवती निवासी महानुभावप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नीति तथा कार्यक्रम बनाउन सबै क्षेत्रबाट दखल पुर्याउनुहुने सृजनात्मक र विकल्प सहितको सुझाब दिनुहुने र सुन्दर सत्यवतीको सपना देख्ने तपाई सबैको पूर्ण सहयोग भयो भने निश्चय पनि प्रस्तुत नीति तथा कार्यक्रम प्रभाबकारी कार्यन्वयन हुनेमा कुनै सन्देह छैन । यसर्थ परिवर्तनकारी र प्रभाबकारी कार्यन्वयनमा सबै पक्षको सहयोगको अपेक्षा गर्दछु ।सत्यवती गाउँपालिकालाई उत्कृष्ट, सभ्य, सुन्दर र हामीले कल्पना गरेको समृद्ध सत्यवती बनाउनको लागि हामी सबै पक्ष जिम्मेबार रहेको र तपाई हाम्रो सपना साकार पार्नका लागि तपाईहरुको निरन्तर सहयोग, सुझाबले एकभई आगाडि बढ्ने दृढ विश्वास व्यक्त गर्दछु ।जय सत्यवती ।

धन्यवाद ।

टिकाराम पाण्डे
अध्यक्ष
सत्यवती गाउँपालिका